उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२९

पत्र सख्या:-०७७/०७८
चलानी नं:- १००२

## कार्यक्रमको प्रस्ताव माग सम्वन्धि सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०७७/१२/०६**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत ,राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत आ.व. २०७७/०७८ मा उमाकुण्ड गाउँपालिकालाई प्राप्त ससर्त कार्यक्रम यस उमाकुण्ड गाउँपालिमा मिति २०७७/१२/०५ मा बसेको कृषि समितिको बैठकको निर्णय बमोजिम खाद्य तर्फ मकै, गहुँ, धान र पोषण तर्फ किवि/कागति /केरा/सुन्तला मध्ये कुनै १/१ बालिमा कृषक समुह/कृषि सहकारी/कृषि फार्म सँगको लागत साझेदारिमा कार्यक्रम संचालन गरिने भएको हुँदा कृषक समुह/ कृषि सहकारी/कृषि फार्मले यो सूचना प्रकाशित भएको मितिले ३० दिन मिति २०७८/०१/०५ भित्र उमाकुण्ड गाउँपालिका कृषि विकास शाखामा तपशिलमा उल्लेखित कागजात तथा विवरण संलग्न गरि निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिको छ ।

**तपशिल**

१) रु १० को टिकट टाँस गरी तोकिएको ढाँचामा अनसूची ६, अनुसुचि ७ भरि अनुसुचि १० बमोजिमको आवेदन माग फारम ।

२) कृषक समुह/कृषि फार्म/कृषि सहकारीको नविकरण सहितको दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, संस्थाको योजना माग गर्ने सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपि ।

३) सम्बन्धित वडा कार्यलगको सिफारिस पत्र ।

४) कार्यत्रम संचालन हुने स्थान वा जग्गा को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।

५) सम्बन्धित संस्थाले जिम्मेवारि तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

६) प्रस्तावित कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङकनमा सहयोग हुने अन्य सहयोगि कागजात ।

७) संचालन गरिने कार्यक्रमको प्रस्तावना र खर्चको ईस्टिमेट /डिनाईन सहित ।

८) धान र मकै वालिको हकमा १० हेक्टर र किवि/कागति /केरा/सुन्तलाको हकमा ५ हेक्टर, सो वालि खेति गरिने जग्गाको लालपुर्जाको फोटोकपी, जग्गावाला कृषकको नागरिकताको प्रतिलिपि ।

९) यो सूचना प्रकासित भएको मितिले २०७७/१२/२९ गते कार्यालय समय भित्र निवेदन दर्ता गराईसकेको हुनुपर्ने छ ।

१०) पकेट कार्यक्रमको कुल लागत रु ४८,००,०००। -(अठ्चालिस लाख) मध्ये प्रति पकेट कृषकको तर्फबाट रु १२,००,०००। (बाह्र लाख) र कार्यालायको तर्फबाट रु १२,००,०००। (बाह्र लाख) गरी प्रति पकेट रु २४,००,००० (चौबिस लाख) रहने छ ।

११) अन्य कुरा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

१२) आ.व.२०७६/०७७ मा छनौट भई १ आर्थिक वर्षमात्र संचालन भएका पकेटको हकमा परियोजना म्यानुल २०७७ अनुसार आ.व.२०७७/०७८ मा कार्यक्रम संचालन गर्नको लागि प्राथामिकता दिईने छ ।

१३) लागतको ५०% बैंक ग्यारेन्टि हुनुपर्नेछ ।

**बोधार्थ,**

श्री सूचना प्रविधि शाखा , उमाकुण्ड गा.पा. ( यस गा.पा.को सबै वडा कार्यालयमा सूचना मेल गरिदिनु हुन अनुरोध गर्दछु ।

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत